नेपालगंज उपमहानगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

नेपालगंज, बाँके, प्रदेश नं. ५

## विद्युतीय बिज्ञापन बोर्ड जडान एवं संचालन कार्यका लागि

प्रस्ताव आहवान सम्वन्धि सूचना

प्रकशित मिति : २०७५।०६।०१

नेपालगंज उप-महानगरपालिकाको स्वीकृती एवं अनुमति लिई आफ्नै लगानीमा नगरक्षेत्र भित्र सोलार जडित आधुनिक ट्राफिक आईल्यान्ड, सोलार जडित सडक बत्ति पोल, बस बिसौनी (Bus Shelter Box) निर्माण गरी बिधुतीय बिज्ञापन सामाग्रीको प्रयोग तथा प्रचारप्रसार गरेर बार्षिक रुपमा नगर सभाले निर्धारण गरेको दररेटमा बिज्ञापन कर र अफुले प्रस्ताव गरेको शूल्क यस उपमहानगरपालिकालाई बुझाउने गरि नगर क्षेत्रमा सोलार जडित बिद्युतिय प्रविधिको माध्यमबाट बिज्ञापन सामाग्रिको प्रसारण संचालन र ब्यवस्थापन गर्न ईच्छुक संघ संस्था एवं कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस उपमहानगरपालिकामा प्राविधिक एवं आर्थिक प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. ईच्छुक योग्यता पुगेका संस्थाले आफुले पेश गरेको प्रस्तावसाथ निम्नानुसारको कागजात पेश गर्नुपर्ने छ ।

- आशय पत्र पेश सम्बन्धि आवेदन ।
- संस्थाको विस्तृत विवरण ।
- संस्थाको कानुनी (दर्ता, नविकरण, भ्याट/पान दर्ता, कर चुक्ता) दस्तावेज/ प्रमाणपत्र ।
- संस्थाको प्रोफाईल तथा कामको अनुभव विवरण ।
- संस्थाको विगत ३ बर्षको वित्तिय कारोवार सम्वन्धि विवरण ।
- संस्थाको विगत ३ बर्षको आर्थिक कारोवारको लेखापरीक्षण प्रतिवेदन ।
- संस्थाको भौतिक पूर्वाधार र उपकरणहरुको विवरण ।
- संस्थाको कालो सुचिमा नपरेको स्वघोषित विवरण ।
- सम्वन्धित क्षेत्रमा काम गरेको अनुभवको प्रमाणपत्र ।
- संचालकको नागरिकताको प्रतिलिपि ।

२. ईच्छुक आवेदन फर्म वा कम्पनीले आशयपत्र साथ प्राविधिक तथा आर्थिक प्रस्तावनामा उल्लेखित विवरणहरु भरी आवश्यक कागजात संकलन गरी छुट्टाछुट्टै खाममा सिलवन्दी गरी पुनः अर्को खाममा राखेर शिलवन्दी गरि खामको बाहिर नाम, ठेगाना, फोन र बिषय उल्लेख गरि यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

३. साझेदारीका क्षेत्रहरु :

३.१ सोलार जडित आधुनिक बस विसौनीहरु निर्माण र सन्चालन गर्ने

(क) राँझा चौक (ख) कारकाँदौ चौक (ग) पुष्पलाल चौक (घ) धम्वोझी चौक (ङ) वी.पी. चौक (च) गणेशमान चौक (छ) ट्राफिक चौक (ज) भन्सार चौक (झ) सीमा चौक ।

३.२ चौकमा ट्राफिक पोष्ट निर्माण र सन्चालन गर्ने कार्य ।

(क) राँझा चौक (ख) कारकाँदौ चौक (ग) पुष्पलाल चौक (घ) धम्वोझी चौक (ङ) वी.पी. चौक (च) गणेशमान चौक (छ) ट्राफिक चौक (ज) भन्सार चौक (झ) सीमा चौक (ञ) त्रिभुवन चौक ।।

३.३ सोलार पोल निर्माण र सन्चालन गर्ने स्थान : आवश्यकता अनुसार उपमहानगरपालिकाले तोकिदिएका स्थानहरु ।

३. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिन (मिति २०७५।०६।... गते) दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । दर्ता हुन आएको आशयपत्र सोहिदिनको २ बजे प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट खोलिने छ । आशयपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि आशयपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. म्याद नाघि आएका तथा रित नपुगेका आशयपत्र स्वीकार गरिने छैन ।

५. प्राविधिक तथा आर्थिक दुवै प्रस्ताव योग्य देखिएको प्रस्तावकको प्रस्ताव स्वीकृत गरिने छ ।

६. आशयपत्र एकल वा संयुक्त रुपमा समेत पेश गर्न सकिने छ । संयुक्त उपक्रमको रुपमा कार्य गर्ने सम्वन्धि सम्झौताको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

७. यस आशयपत्र आहवान सम्वन्धि सूचनामा उल्लेख गर्न छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

८. प्रस्ताव छनौट गर्ने बिधि तय गर्ने र प्रस्ताव स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

तोय नारायण सुवेदी
प्रमुख प्रशासकीय अधिकृत